# लिखु तामाकोशी गाउँपालिका

**Likhu Tamakoshi Rural Municipality**

# गाउँ कार्यपालिकाको कार्यालय

**Office of the Rural Municipal Executive**

धोबी बजार, रामेछाप (Dhobi Bazaar, Ramechhap)

बागमती प्रदेश, नेपाल (Bagmati Province, Nepal)


प.सं. (Ref. No.):- ०८२/०८३

च.नं. (Dispatch No.):- २६३

मिति (Date):- २०८२/६/२९

**विषयः गाउँपालिकाको प्रशासकीय भवनको लागि निःशुल्क जग्गा उपलब्ध गराउने सम्बन्धी सुचनाः**

प्रस्तुत विषयमा यस लिखुतामाकोशी गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्नको लागि जग्गा प्राप्ती गर्न गाउँपालिका तथा नगर पालिकाको केन्द्र निर्धारण सम्बन्धी कार्यविधी (मापदण्ड) २०७५ अनुसार मिति २०७९/८/२३ मा सूचना प्रकाशन गरि यसै गाउँपालिकाको वडा नं.४ काला आहालमा ३ रोपनी ९ आना जग्गा प्राप्त भई लालपूर्जा सम्म प्राप्त भएको तर उक्त जग्गाको सन्दर्भमा विवाद सृजना भई सम्मानित सर्वोच्च अदालतमा मुद्धा दायर भएको र उक्त मुद्धा विचाराधीन रहेको हुनाले मापदण्ड अनुसार थप जग्गा प्राप्त हुन सकेन । यसरी जग्गा प्राप्त हुन नसकेको हुनाले जग्गा प्राप्ती सम्बन्धी कानूनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयक २०८१ परिच्छेद ४२ को ४ (२) अनुसार जग्गा प्राप्तीको लागि मिति २०८२/०६/२९ गतेको कार्यपालिका बैठकले जग्गा प्राप्तीको लागि सूचना प्रकाशित गर्ने निर्णय गरेकोले गाउँपालिका तथा नगरपालिकाको केन्द्र निर्धारण सम्बन्धी मापदण्ड २०७५ को परिधि भित्र रहेर निःशुल्क जग्गा उपलब्ध गराउँन इच्छुक महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिन भित्रै यस कार्यालयमा तपशिल बमोजिमको कागजातहरु सहित आवेदन पेश गर्नुहुन सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

१. क्षेत्रफलः कम्तिमा ६ रोपनी जग्गा हुनु पर्नेछ ।

२. गाउँपालिका केन्द्र धोवी बजारबाट प्रदान गर्ने सेवा सुविधामा कम्तीमा साठी प्रतिशत जनताको सहज पहुँज हुने गरि अधिकतम पाएक पर्ने स्थान पूर्वमा — गाउँपालिकाको प्रस्तावित १५ सैयाको अस्पताल नागी डाडा, पश्चिममा -चित्रे जाने बाटो परिसरसम्म, उत्तरमा -पर्खाली धारा र दक्षिणमा देवाली चौरसम्म (झट्टेश्वरी मन्दिर) मुख्य बजारको केन्द्र भन्दा ५०० मिटरको दुरीमा हुनुपर्ने छ ।

३. भौतिक पूर्वाधारः
   - स्थानीय पूर्वाधार खानेपानी सञ्चार विद्युत जस्ता पूर्वाधार को उपलब्धता भएको हुनु पर्ने,
   - खेतीयोग्य जग्गाको प्रयोग नगरी वैकल्पिक जग्गा प्रयोग गर्न सक्ने,
   - सुरक्षाका दृष्टीले उपयूक्त सुरक्षित तथा रणनैतिक रुपमा महत्वपूर्ण स्थान हुनु पर्ने छ ।

४. व्यत्तिको नाममा दर्ता कायम भएको हुनुपर्ने छ ।

५. जग्गा दाताको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि आ.व.२०८२/०८३ को राजश्व बुझाएको रसिद, जग्गाको चार किल्ला प्रमाणित हुने ट्रेस नक्सा, जग्गाको क्षेत्रफल खुलाई उपलब्ध गराउन चाहेको प्रतिबद्धतापत्र जग्गा संगोलमा भएको भए सबै अंशियारहरुको मन्जुरीनामा पत्र सहित नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी समेत खाम बन्दी गरि पेश गर्नु पर्ने छ।

६. माथि उल्लेखित शर्त समय तथा मापदण्ड भित्र पेश हुन आएका प्रस्तावहरु मात्र छनौटका लागि गाउँकार्यपालिकामा पेश गरिने छ ।

...............

केशव महत

अध्यक्ष